# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शैलुङ्ग गाउँपालिका, दोलखा

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation and the People***

## दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं : ७७७

मिति:२०७७/३/२४

श्री शैलुङ्ग गाउँपालिका,
दोलखा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**

**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः२०७६।७७
च.न. ८०७

**(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)**

श्री प्रमूखज्यू,
शैलुङ्ग गाउँपालिका,दोलखा ।

मितिः २०७७०३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले शैलुङ्ग गाउँपालिका,दोलखाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड १९ लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५६ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.२८ लाख १४ हजार, तथा पेश्की बाँकी रु.२८ लाख ९४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ१६(सोह्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# शैलुङ्ग गाउँपालिका, दोलखाको लेखापरीक्षण प्रतिवेदन

## आ.ब.२०७५।०७६

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नशैलुङ्ग गाँउपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ८ वडा, ४४ सभा सदस्य मध्ये हाल ४२ जना, १२८.६७व.कि.मी. क्षेत्रफल, २००९८ (२०६८ को गणनानुसार) जनसंख्यारहीवागमती प्रदेशमा अवस्थित छ । | |
| | लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु.११२७५ असुल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको छ । | |
| १. | **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालीकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्यय समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ | |

| आय | | व्यय | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| गत वर्षको जिम्मेवारी | | गा.पा.चालू खर्च | ३१५२८०७९.५० |
| धरौटी | ३६२७४१.०० | गा.पा.पूंजिगत खर्च | १५०३२६७६२.०० |
| बैंक | ३०५८०८१४.४२ | गरीवसँग विश्वेश्वर | ३९४०००.०० |
| प्रदेश तथा स्थानीय तह क्षमता वि. | ३०५०००.०० | प्रदेश तथा स्थानीय तह क्षमता वि. | ३०५०००.०० |
| राजस्व बाँडफाँड (संघ) | ४६३३७७२९.३७ | प्रधानमन्त्रि रोजगार कायक्रम | ३३२८५०८.०० |
| राजस्व बाँडफाँड (प्रदेश-३) | १२९५६८९६.७० | स्थानीय पुर्वाधार विकास कायक्रम | ४९४७५००.०० |
| वित्तीय समानीकरण अनुदान(संघ) | ११३१०००००.०० | सडक वोर्ड नेपाल | ५०००००.०० |
| समानीकरण अनुदान प्रदेश | ७७६००००.०० | समानीकरण अनुदान प्रदेश | ३१६२०८७.०० |
| समपूरक अनुदान प्रदेश | १०७४१०००.०० | समपूरक अनुदान प्रदेश | ३२६१७०३.०० |
| ससर्त अनुदान प्रदेश | २२३८८०००.०० | ससर्त अनुदान प्रदेश | १९११२७५६.०० |
| ससर्त अनुदान(संघ) | | ससर्त अनुदान(संघ) | |
| शिक्षा | ९६४१३०००.०० | शिक्षा | ८९८३७२९५.०० |
| स्वास्थ्य | २३९९१०००.०० | स्वास्थ्य | १८०४८२८३.६ |
| कृषि , पशु | २४९३०००.०० | कृषि , पशु | २०२३४५५.०० |
| महिला,उर्जा,वन, समाज कल्याण | २३८५०००.०० | महिला,उर्जा,वन, समाज कल्याण | ५९६६००७.६० |
| गरीवसँग विश्वेश्वर | ३९४०००.०० | धरौटी | ११९७०५८.०० |
| प्रधानमन्त्रि रोजगार कार्यक्रम | ३३२८५०८.०० | सामाजिक सुरक्षा | ४३५३४६००.०० |
| स्थानीय पुर्वाधार विकास कायक्रम | ४९४७५००.०० | को.ले.नि.का. फिर्ता (सा.सुरक्षा) | २४५७४००.०० |
| सडक वोर्ड नेपाल | ५०००००.०० | प्रदेश -३ प्रदेश को.ले.नि.का. फिर्ता | ३२७५२४४.०० |
| जनसहभागिता (नगद) | ६३२८०००.०० | को.ले.नि.का. फिर्ता (शसर्त) | ९४०६९५८.८० |
| सामाजिक सुरक्षा | ४५९९२०००.०० | मौज्दात | |
| धरौटी आय | २१८५१२८.०० | धरौटी मौज्दात | १३५६८११.०० |
| आन्तरिक राजस्व | ४६७५९६७.०० | नगद मौज्दात | ६४०१९९.०० |
| अन्य विविध आय (नसाटिएको चेक) | ११३०९६.७६ | बैंक मौज्दात | ८२०३०६३१.०८ |
| | | धरौटी ट्रान्सफर गर्न बाँकि रा.बांड | -३००००.०० |
| | | संचित कोषबाट शिक्षा बेरुजुदाखिला | -६४३००.०० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | चेक साट्न बाँकी -३८२६१६५७.३३ | |
| | चेक साट्न बाँकी (धरौटी) -६०००.०० | |
| | जम्मा रु. ४३८२७८३८१.२५ / जम्मा रु. ४३८२७८३८१.२५ | |
| | **लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :** | |
| २.१ | **आन्तरिक लेखापरीक्षण:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्नेछ भन्ने प्रावधान छ । कार्यालयले कानूनको उक्त प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था देखियो । यसमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २.२ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखानियन्त्रककार्यालयले निःशुल्क रुपमा उपलब्ध गराएकोSub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो सबै कारोवारको लेखा SUTRA मार्फत सफ्टवेयरमा राख्नु पर्नेमा सो नगरी आर्थिक कारोवारको लेखा हातले प्रविष्टि गरी राखिएको छ ।यसमा यथार्थता यकिन हुनुपर्दछ । | |
| २.३ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । कार्यालयले सो अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण र सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्दछ । | |
| | ● कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>● परियोजना र क्रियाकलापको प्राथमिकता निर्धारण भएको छैन,<br>● अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ,<br>● सार्वजनिक सुनुवाइ मार्फत जनताको माग सुनुवाई भएको छैन,<br>● योजना कार्यान्वियन तालिका निर्माण गरेको छैन,<br>● निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>● बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन,<br>● कार्यालयको भौतिक प्रगती सन्तोषजनक छैन,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>● योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>● राजस्बको श्रोत पहिचान गरेको छैन ,<br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत राखेको छैन, आदि । | |
| २.४ | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण,विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । | |
| २.५ | **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २.६ | **लक्ष्य प्रगतीको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | |
| २.७ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन तयार गर्नुपर्नेमा गरेको पाईएन । | |
| २.८ | **लक्षित समूह खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकालेयस प्रकारका कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| २.९ | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २.१० | **मर्मत सम्भार कोष :** स्थानिय सरकार संचालन ऐन,२०७४ मा गाँउपालीकाबाट संचालन हुने योजनाहरु मर्मत सम्भार गर्नको लागी मर्मत सम्भार कोष खडा गर्न सकिने उल्लेख । कार्यालयले लेखापरीक्षण अवधिसम्म मर्मत सम्भार कोष खडा गरेको देखिन आएन । | |
| २.११ | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाता प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं. १०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रकको लक्ष्य प्रगती विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखियो । जसले गर्दा कार्यालयको लेखा, श्रेस्ता र अभिलेख यथार्थपरक र भरपर्दो रहेको छ भन्न सकिएन । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ । | |
| २.१२ | **अभिलेख अद्यावधिक:**स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७मा गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान छ । कार्यालयले गाँउसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिएन । खर्च भुक्तानीको गोश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्दछ । | |
| ३. | **जनशक्ति व्यबस्थापन :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको बिवरण अनुसार गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३५ जना (कार्यालय सहयोगी बाहेक) रहेपनि पदपूर्ति १० जना रहेको देखियो । ५ जना अधिकृत सहित २५ जना पद रिक्त रहेका छन । ति मध्ये १४ जना करारमा राखी कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयमा कायम दरबन्दी मध्ये धेरै कर्मचारीहरुको पद रिक्त रहेको, कार्यचाप बढेको कारणले ढिलासुस्ति र कार्यमा गुणस्तरियता हुन नसक्ने तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३.१ | कार्यालयले उपलव्ध गराएको विवरण अनुसार निम्नानुसारका कर्मचारीहरु कार्यालयमा स्वीकृत दरवन्दी बेगर कार्यालयले करारमा नियुक्त गरी कामकाज गराइ तलव भत्ता भुक्तानी दिएको देखियो । यसप्रकार स्वीकृत दरवन्दी बेगर कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता खर्च लेखेकोमा सम्वन्धित निकायले | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं. मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आवश्यक ध्यान दिइ कानून बमोजिम हुनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>नाम</th><th>नियुक्तीको प्रकार</th></tr>
<tr><td>१.</td><td>का.स.</td><td>उजेली कार्की</td><td>करार</td></tr>
<tr><td>२.</td><td>का.स.</td><td>मान बहादुर तामागं</td><td>करार</td></tr>
<tr><td>३.</td><td>का.स.</td><td>तारा श्रेष्ठ</td><td>करार</td></tr>
<tr><td>४.</td><td>का.स.</td><td>रेजिना खड्का</td><td>करार</td></tr>
<tr><td>५.</td><td>का.स.</td><td>सविता लकाई खड्का</td><td>करार</td></tr>
<tr><td>६.</td><td>का.स.</td><td>शिव प्रसाद ढुंगेल</td><td>करार</td></tr>
<tr><td>७.</td><td>का.स.</td><td>रुद्र बहादुर थपलिया</td><td>करार</td></tr>
<tr><td>८.</td><td>अनमी</td><td>सविता घिसिंग</td><td>करार</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.</td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । निम्नानुसारका संस्थाले लिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएको रु.२८९४१७१नियमानुसार फछ्र्यौट हुनुपर्ने रु..........</td><td>२८९४१७१</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>मिति</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>२०७५.६.२२</td><td>ने.विद्युत प्राधिकरण, चरिकोट</td><td>१९४१७१</td></tr>
<tr><td>२०७६.३.२२</td><td>रिमाल निर्माण सेवा</td><td>९०००००</td></tr>
<tr><td>२०७६.३.२२</td><td>रिमाल निर्माण सेवा</td><td>१३०००००</td></tr>
<tr><td>२०७६.१.१२</td><td>शैलुङ्ग पर्यटन महोत्सव उ.स., दोरम्वा</td><td>५०००००</td></tr>
<tr><td></td><td>जम्मा रु.</td><td>२८९४१७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>पूंजीगत खर्च तर्फः गाँउपालिकाले यो वर्ष समानीकरण अनुदानको पूंजीगत खर्च तर्फ रु.१५०३२६७६२ र अन्य विषयगत शिर्षकमा पूंजिगत खर्च गरेको देखियो । उक्त खर्चको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>५.</td><td>उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको अधिकाशं निर्माण कार्यहरु उपभोक्ता समितिहरुबाट गराएको छ। जसमा निम्नानुसार देखियो।</td><td></td></tr>
<tr><td>५.१</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ।लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने,श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने लगायतका व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी गर्न सकिने, स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचा अनुसार अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्यहरु, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लागायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यहरुमा रकम खर्च गर्दा अधिकाशं कार्यहरु उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । हेभि मेशिनहरु प्रयोग गर्दा प्रायजसो कार्यहरुमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्ने गरिएको छ। धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिलभर्पाईबाट देखियो । अधिकांश योजनामा १० प्रतिशतको हाराहारीमा जनसहभागिताको अंश राखी सोही बमोजिम कार्य गराइएको छ भने केहि थोरै योजनामा मात्र सोभन्दा बढी प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यहरुको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।<br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानहरुको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ । | |
| ५.२ | **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहिमा फोटाहरु संलग्न राख्ने र सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी दिने गरेको देखियो । फोटाहरु संलग्न गरेकोमा पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिएन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशंमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । उपभोक्ता समितिले गरेको कतिपय निर्माण कार्यमा लागत अनुमानमा भएको परिमाणमा फरक नपारी सो बराबर कार्य सम्पन्न भएको देखाएको छ। यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिबाट कार्य भएको छ भन्न सकिने अवस्था देखिएन । | |
| ५.३ | **अनुगमन समिति :**गाँउपालिका उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले प्रत्येक कामको अनुगमन सिफारिस गरेको एक फारम रहेता पनि कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी र सुधारका विषय उल्लेख गर्ने गरेको देखिएन । एक रेडिमेट फर्मेटमा हस्ताक्षर गर्ने गरेको देखियो । समितिका अन्य सदस्यहरुको उपस्थिती र सिफारिस समेत रहेको देखिएन । जसले गर्दा भुक्तानी प्रयोजनको लागी गरेको सिफारिस भन्न मिल्ने देखियो । | |
| ५.४ | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। विभिन्न सडक,सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रमको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको अत्यन्त न्युन उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान देखियो । सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ । | |
| ५.५ | बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्था रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु कुनै पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्ति भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक निर्माण कार्यको लागी फरक उपभोक्ता समिति गठन गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा यकिन हुने आधार देखिएन । यसमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ । | |
| ६. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची१ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ। नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ९६२ मिति २०७०।०१।२४ को पत्र अनुसार कार्यालय, आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पूंजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने अर्थात् चालु र पूंजीगत खर्चको अनुपात २:२ हुनुपर्ने उल्लेख छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी विविध व्यवस्था छ । कार्यालयले पुंजिगत खर्चमा ४ प्रतिशतका दरले कन्टिन्जेन्सी खर्च छुट्याई बजेट खर्च जनाउने र सो मध्येबाट कन्टिन्जेन्सी खर्च लेख्दै आएको छ । यसरी खर्च लेखेको कन्टिन्जेन्सी रकमको योजना तथा कार्यक्रमगत अभिलेख अद्यावधिक गरेको पाइएन । लेखापरीक्षणको क्रममा उपलव्ध गराइएको विबरण अनुसार कार्यालयले योवर्ष गाँउपालिका पूंजिगत खर्च शिर्षक तर्फ बजेट खर्च जनाइ छुट्याएको मध्येबाट रु.३०७११८० कन्टिन्जेन्सी खर्च लेखेको छ । अन्य पूंजिगत शिर्षकमा गरेको कन्टिन्जेन्सी खर्चको विबरण प्राप्त भएन । जसको परीक्षण गर्दा निम्नानुसार देखियो । | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६.१ | कार्यालयले कन्टिन्जेन्सी तलव, पारिश्रमिक, इन्धन, मर्मत, कार्यालय सम्वन्धी खर्च, दैनिक ज्यालादारी, भ्रमण, बिज्ञापन तथा सुचना, भाडा, तालिम, बिबिध र अन्य खर्च आदिमा खर्च लेखेको छ । निर्माण कार्यको योजना पिच्छे प्रत्येक बर्षको छुट्टा छुट्टै कन्टीन्जेन्सी खाता राख्नुपर्नेमा कन्टिन्जेन्सी खर्चको छुट्टै खाता र अभिलेख राखेको पाइएन । खर्च रकम लागत अनुमानको ४ प्रतिशतको सीमा भित्र रहे पनि स्टाफ खर्च र अन्य खर्च अन्तरगत के कस्ता शीर्षकमा खर्च गर्न मिल्ने हो वर्गीकरण गरी राखेको पाइएन । नियमावलीमा कन्टिन्जेन्सी खर्चलाई लागत अनुमानसंग आवद्ध गरेकोले प्रत्येक वर्षको योजना तथा कार्यक्रम र ठेक्का पिच्छे कन्टिन्जेन्सी खर्चको अभीलेख राख्नुपर्नेमा सो वमोजिम नगरी बजेट खर्चको आधारमा खर्च गरेको पाइयो । जुन योजना तथा कार्यक्रमको लागि कन्टिन्जेन्सी खर्च भएको हो सोही योजना तथा कार्यक्रमसंग आवद्ध गरी शुरुदेखि अन्त्यसम्मको खर्चको अभिलेख राख्नु पर्दछ ।कन्टिन्जेन्सी खर्च गर्दा स्पष्ट कार्यबिधि बनाई खर्च गरिनु पर्दछ । | |
| ६.२ | प्रशासनिक कार्य गर्नको लागि चालुखर्च शिर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसंग सम्बन्धित कार्यमा खर्च गर्नुपर्ने कन्टिन्जेन्सीबाट सबै किसिमको प्रशासनिक कार्यमा खर्च भएको देखिएकोले नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा योजनाको लागतमा समाबेश हुने गरी कन्टिन्जेन्सीबाट खर्च गर्नु कानून सम्मत देखिएन । उक्त कार्य म.ले.नि.का.को खर्च संकेत बर्गिकरण र व्याख्या बिपरीत समेत देखियो | |
| ६.३ | कार्यालयले पुंजिगत खर्चमा ४ प्रतिशतका दरले कन्टिन्जेन्सी खर्च छुट्याई बजेट खर्च जनाउने र सो मध्येबाट कन्टिन्जेन्सी खर्च लेख्दै आएको छ । यसरी कन्टिन्जेन्सी वापत बजेट खर्च लेख्दा गाँउपालिका पूंजिगत खर्च शिर्षक तर्फ करिव रु.६०१३०७० बजेट खर्च लेखी कन्टिन्जेन्सीको लागी रकम छुट्याएको मध्ये रु.३०७११८० कन्टिन्जेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ । अन्य पूंजिगत खर्च शिर्षकमा सोही बमोजिम भएको व्यहोरा जनाइएको छ । यस प्रकार वास्तविक खर्च नहुदै बजेट खर्च जनाउने र सो मध्ये केहि आंशिक रकम वास्तविक खर्च भएबाट उपरोक्त बमोजिम लेखाकंन गरेको खर्च रकमले यथार्थ चित्रण गर्ने देखिदैन । यसप्रकार गरिएको लेखाकंनबाट हिसाव सन्तुलनमा समेत फरक पर्न जाने हुदा कानुनले तोके बमोजिम मासिक र बार्षिक फांटवारीहरु तयार गर्दा बैंक हिसाव सन्तुलन बिवरण तयार गरी यथार्थता यकिन गरिनु पर्ने रु.... | २९४१८९० |
| ७. | अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका, २०७५ को दफा ७.१.१ खर्चको मापदण्ड अन्तरगत बैठक भत्ता सम्वन्धमा ६ वटा मापदण्डहरु तोकेको छ । उक्त मापदण्ड बेगर कार्यालयका कर्मचारी मात्र उपस्थित रहेको बैठकमा पुंजीगत बजेट शिर्षक अन्तरगत देहाय बमोजिम प्रति बैठक रु.१५०० का दरले देहायअनुसार रु.७५००० बैठक भत्ता उपलव्ध गराएको देखियो । यस प्रकार भुक्तानी गरेको बैठक भत्ता कानून सम्मत नदेखिएकोले भुक्तानीमा कट्टी गरेको कर रकम रु.११२५० घटाई बांकी हुने रकम सम्वन्धितबाट असुल हुनुपर्ने देखिएको रु..... | ६३७५० |

| गौ.भौ.नं./ मिति | खर्च विवरण | खर्च शिर्षक | भुक्तानी |
|---|---|---|---|
| १७५/२०७६/३/३१ | कर्मचारी ५ जनालाई ४ वटा बैठकसम्मको | वित्तिय समानिकरण पूंजिगत | ३०००० |
| १५/२०७६/३/३१ | कर्मचारी ५ जनालाई ६ वटा बैठकसम्मको | प्रदेश राजस्व वाडफाड पूंजिगत | ४५००० |
| | | जम्मा रु. | ७५००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७.१ | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा गाँउ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु.४३०४८००सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २६ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| बार्षिक सुविधा | ३६०००० | ३००००० | १६८०००० | ४९८००० | १३६०००० | ४१९८००० |
| सञ्चार सुविधा( मासिक दरमा) | १८००० | १२००० | ७६८०० | ० | ० | १०६८०० |
| जम्मा रु. | ३७८००० | ३१२००० | १७५६८०० | ४९८००० | १३६०००० | ४३०४८०० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **सवारी साधन खरिद :** गाँउपालिकाले यो वर्ष निम्नानुसारका सवारी साधन खरीद गरी रु.३७२०००० खर्च लेखेकोमा अर्थ मन्त्रालयको स्वीकृती लिएको देखिएन ।खरिद गर्दा बोलपत्र विधिबाट खरिद कार्य गरेको छ । यसरी अर्थ मन्त्रालयको स्विकृती बेगर सवारी साधन खरिद गरेको कार्य कानुनसम्मत भयो भन्न सकिने अवस्था देखिन आएन । | |

| सि.नं | सवारी साधनको नाम | रकम |
|---|---|---|
| १ | टाटा जेनन डबल क्याव | ३७२०००० |
| | जम्मा रु. | ३७२०००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **कामको पुष्ट्याई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्चको बिल भरपाई र पुष्याई सहित लेखा राख्नु पर्ने प्रावधान छ ।कार्यालयले देहाय बमोजिम खर्चको बिल संलग्न राखी भुक्तानी गरेको देखियो । उक्त खर्चको विल र भर्पाई राखेको भएता पनि सम्वन्धित प्राविधिक र जिम्मेवार व्यक्तिवाट काम भएको पुष्ट्याई हुने प्राविधिक रिपोर्ट र काम भएको देखिने प्रमाण राखेको देखिएन । तोकिएको नर्म्स बमोजिम के कति परिमाणमा कार्य भयो सोको अभिलेख अद्यावधिक गरेको छैन । बिल संलग्न गरेको आधारमा मात्र खर्च लेख्ने कार्य नियमसम्मत छैन । स्वीकृत नर्म्स बमोजिम हुने खर्चको पुष्याई सहित नापी किताव, ठेक्का बिल लगायत काम भएको पुष्ट्याई पेश हुनु पर्ने ंरु.... | १६७७४४० |

| भौ.न.मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| वितिय समानिकरण तर्फ | | | |
| १८/२०७५/०६/२३ | एम डि कन्ष्ट्रक्सन | ४९८००० | जेसिवि १४६.९१ घण्टा प्रयोगको काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| ७६/२०७५/११/२३ | एम डि कन्ष्ट्रक्सन | ४००९०८ | जेसिवि ११२ घण्टा प्रयोगको काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| १७४/२०७६/०३/३१ | सडक मर्मत सुधार | ३९६०० | डोर हाजिरी फारमबाट गरेको खर्चको काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| ६५/२०७५/११/२३ | बृक्षारोपण खर्च | ११०३०२ | काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| ६९/२०७५/११/२३ | बृक्षारोपण खर्च | ७०१३० | काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| ११५/२०७६/०२/१२ | बृक्षारोपण खर्च | २७५०० | काम भएको प्राविधिक पुष्ट्याइ र प्रमाण |
| संघिय राजस्व वाडफाड (पूंजिगत) तर्फ | | | |
| २/२०७५/०९/२४ | नेपाल ग्रामिण पुन निर्माण संस्था ( RRN) लाई Matching fund भनि भुक्तानी | १००००० | कामको प्राविधिक पुष्ट्याइ,प्रमाण र गा. पा.को अनुगमन प्रतिवेदन पेश नभएको |
| ३/२०७५/०९/२६ | " | ५०००० | " |
| ४/२०७५/१०/१३ | " | ५०००० | " |
| ९/२०७५/११/२३ | " | १५०००० | " |
| ३१/२०७५/१२/२५ | " | १८१००० | " |
| | जम्मा रु | १६७७४४० | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **खरिदको प्याकेज :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ । उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । नियमावलीको नियम ७ मा  खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु उल्लेख छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा साना ठुला सवै कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गरिएको छ । एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, एउटै सामाग्रीको मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । यसमा सम्वन्धित निकायले यथार्थता यकिन गरी कार्यालयलाई थप व्ययभार पारे नपारेको सम्वन्धमा यकिन गरी कानुन बमोजिम सुधार गरिनु आवश्यक छ । यसका केहि उदाहरण निम्न छन् । | |

| भौ.न. मिति | विवरण | रकम |
|---|---|---|
| ३८/२०७५/०९/२३ | औषधि र सर्जिकल सामाग्री | ३५४५०३ |
| ७२/२०७५/११/२३ | स्वाथ्य सम्वन्धि सामाग्रि | २८४५०० |
| ११७/२०७६/०२/१४ | सर्जिकल सामाग्रि खरिद | २२०००१ |
| १२६/२०७६/०२/३१ | पशु औषधि र उपकरण खरिद | ४६८०१५ |
| १२९/२०७६/०२/३१ | सर्जिकल सामाग्रि खरिद | ४४९७४० |
| १३६/२०७६/०३/१५ | जेनेरेटर सेट खरिद | ४९४९४० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | १४१/२०७६/०३/१८ | कम्प्युटर, ल्यापटप, प्रिन्टर आदि खरिद | २४१७७४ | |
| | १६९/२०७६/०३/३१ | कम्प्युटर, ल्यापटप, प्रिन्टर आदि खरिद | २४८९३९ | |
| | १७१/२०७६/०३/३१ | फर्निचर खरिद | ११६५०३ | |
| | १७२/२०७६/०३/३१ | फर्निचर खरिद | १३५०० | |
| | १७३/२०७६/०३/३१ | क्यामरा आदि | ३७२९० | |
| | राजस्व बाडफाड तर्फ | | | |
| | ११/२०७५/११/२३ | मिनि टेलर खरिद र वितरण | १२९७५०० | |
| | ६/२०७५/१८/०८ | मिनि टेलर खरिद र वितरण | ९५००० | |
| | २८/२०७५/१२/२८ | मिनि टेलर/पावर टिलर खरिद र वितरण | ४७५००० | |
| ११. | **जिन्सी सम्पत्ती:** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । कार्यालयले गाँउपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीको अभिलेख गाँउपालिकाको कार्यालयमा तोकिएको म.ले.प.फारम नं. ४७ र ५२ मा राख्नुपर्नेमा स्वास्थ्य केन्द्र लगायत कतिपय विषयगत शाखाहरुको केहि आंशिक सम्पत्ती तथा जिन्सी सामानको अभिलेख गाउपालिका कार्यालयमा रहेको मूल जिन्सी किताबमा रहेको देखिन आएन ।योजना तथा कार्यक्रम संचालनको लागी खरिद गरेका कतिपय जिन्सी मालबस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाध्ने र सम्वन्धित वडा तथा विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीले बुझेको आधारमा खर्च घटाउने गरेको तर उक्त मालवस्तु तथा सम्पत्तीहरु सम्वन्धित योजना तथा कार्यक्रम संचालनमा उपयोग भएको देखिएन । जस अनुसार मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी पूर्ण सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन ।  गाँउपालिका कार्यालयले आफु र मातहतका विषयगत र वडा कार्यालयहरुमा रहेका मालबस्तु तथा सम्पत्तीको एकिकृत अभिलेख अद्यावधिक गराउनु पर्ने, सबै मालबस्तु तथा सम्पत्तीको एकमुष्ट रुपमा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिइ पूर्ण सदुपयोग र संरक्षणको प्रवन्ध गर्नु पर्ने देखिन्छ | | | |
| ११.१ | कार्यालयले स्मार्ट टेक सोलुसन प्रा.ली.बाट स्मार्ट रोड सफ्टवेयर मिति २०७६।०२।१६ मा खरिद गरी गौ.भौ.नं. १३३ मिति २०७६।३।३ बाट रु.१५०००० भुक्तानी गरेको छ । तर लेखापरीक्षण अवधी २०७६।०८।१७ सम्म पनि उक्त सफ्टवेयर प्रयोगमा आएको नदेखिएको हुदा खर्चको औचित्यता पुष्ट्याइ गर्नुपर्ने देखिएको रु..... | | | १५०००० |
| १२. | **प्रधानमन्त्री रोजगार कार्यक्रम:** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाँउपालीकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागी रु.३३२८५०८ खर्च भएको देखियो ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले बेरोजगार व्यक्तिहरु सुचिकृत गरि परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिले रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागी कामदारहरुको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन गर्न पहिले स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा प्रतिवेदन संलग्न भएको छैन । कानूनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालिलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | | | |
| १३. | **सामाजिक सुरक्षा कार्यक्रम तर्फ** | | | |
| १३.१ | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को दफा १० को उपदफा (१) मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्नेछ । लाभग्राहीको तोकिए बमोजिमको विबरण निर्दिष्ट समय भित्र एमआइएसमा प्रविष्टि गर्नुपर्ने छ भनि लाभग्राहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ । | | | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाँउपालिकाको कार्यालयले योवर्ष ८ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.४३५३४६०० वितरण गरी खर्च लेखेको छ । यसरी वितरण गर्दा वडा कार्यालयहरुले कार्यविधिले गरेको व्यवस्था बमोजिम फोटो सहितको मूल अभिलेख किताव नराखेको व्यहोरा जानाकारी भयो । एमआइएस डाटालाई आधार मानी भुक्तानी गरेको छ ।उक्त एमआइएस डाटा अद्यावधिक गराउदा के कति भरपर्दो तवरबाट गरिएको छ सोको स्पष्ट आधार र प्रमाण पेश हुन आएन । यस प्रकार बितरण गरेको जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता यथार्थ र भरपर्दो किसिमबाट बितरण भयो भन्न सकिने देखिएन । यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ । | |
| १३.२ | **बैक मार्फत भत्ता बितरण:**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ७ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्वीकृती बेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख गरी बैंक मार्फत भत्ता वितरण गर्ने सम्वन्धी विबिध व्यवस्था गरेको छ । गाँउपालिकाको कार्यालयले योवर्ष ८ वटा वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.४३५३४६०० वितरण गर्दा भर्पाइ मार्फत सबै वडामा नगदै वितरण गरेको देखियो । यसरी नगदै बितरण गर्दा निर्देशिकाको उपरोक्त प्रावधान बमोजिम मन्त्रालयको स्वीकृती लिएको छैन । यसमा सम्वन्धित निकायवाट ध्यान दिनु पर्दछ । | |
| १३.३ | **लगत अद्यावधिक नगरी भुक्तानी:**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिकाले पौष मसान्त भित्र अनुसुचि–५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । गाउँपालिकाका वडाहरुले भत्ता वितरण गर्दा तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी रकम भुक्तानी गर्दा संख्यात्मक विवरण तयार नगरी पहिलो चौमासिकमा उल्लेखित संख्यामा थप गरि भत्ता वितरण गरेको पाईयो । कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १३.४ | **लाभग्राहीको नाम नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने उल्लेख गरेकोमा गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १३.५ | गाँउपालिकाको सामाजिक सुरक्षा तर्फको स्रेस्ता र कार्यालयले उपलब्ध गराएको लगतकट्टाको विवरण अनुसार निम्न अनुसारको वडामा लगत कट्टा गर्नुपर्ने नामावली MIS update नहुदा लगत कट्टा हुनुपर्नेको लगत कट्टा नभएको, नाम दोहोरो रहेको र नागरीकता न. दोहोरो भेटिएर भएको बढी भुक्तानीको यथेष्ठ प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु....... | ५६००० |

| वडा.नं. | व्यक्तिको नामथर | रकम |
|---|---|---|
| १ | कान्छि तामाङ | १६००० |
| ८ | कुल कुमारी कार्कि | २००० |
| ८ | नन्द माया बुढाथोकी | ८००० |
| ८ | विष्णु कु. खत्रि | ६००० |
| ३ | नोर्गेन तामाङ्गी | १६००० |
| ३ | गंगादेवि श्रेष्ठ | ८००० |
| | जम्मा रु. | ५६००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | आन्तरीक आय तर्फ: | |
| १४.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गर्रा प्रमाण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.४०३५७६८ गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ८ वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाकी रहेका रसिदको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेख ब्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ । | |
| | • आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,<br>• गत आ.व.मा छपाई भएका नगदी रसिद समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको, | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • वडामा पठाइएको रसिद र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,<br>• बांकी रसिद प्याड कार्यालयमा फिर्ता गरिएको रसिद नियन्त्रण खातामा उल्लेख भएतापनि कार्यालयमा उपलब्ध नभएको,<br>• कतिपय वडाहरुले कार्यालयले उपलब्ध गराएको नगदी रसिद प्रयोग नगरेको । | |
| १४.२ | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने र उपदफा ५ मा दाखिला गर्नुपर्ने त्यस्तो नगदी रकम बैक र कार्यालय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्ने व्यवस्था भएकोमा गाँउपालीका र अन्तरगतका वडा कार्यालयहरुले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो । आम्दानी भएको रकम तोकिएको समयमा दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । | |
| १५. | संघिय सरकार शशर्त बजेट खर्च तर्फ | |
| १५.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले स्विकृत बजेट र सम्वन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बाँकी रहेको कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्नु पर्ने ब्यवस्था छ । खर्चको फांटबारी तयार गर्दा खर्च शिर्षक अनुसार कुन शिर्षकमा कति खर्च भयो सो छुट्टिने गरी फांटवारी तयार गरेको छैन । जसले गर्दा खर्च शिर्षकमा विनियोजीत बजेट भन्दा बढी खर्च भएको छ छैन एकिन गर्न सकिने अवस्था रहेन । संघिय सशर्त अनुदान शिर्षकमा विनियोजित बजेट रु.१२५२८२००० भएकोमा रु.११५८७५०४१/२ खर्च भई रु.९४०६९५८/८०कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता पठाएकोमा शिर्षकगत फिर्ता रकम खुल्न आएन । अतः शिर्षकगत खर्च र फिर्ता छुट्टिने गरी स्रेस्ता तयार गरिनु पर्दछ । | |
| १५.२ | **तलबी प्रतिवेदनः**निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार केन्द्रिय निकायका निजामती कर्मचारीको निजामती किताबखाना र जिल्ला स्थित सरकारी कार्यालयको कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालयले तलवी प्रतिवेदन पारित गराएर तलब खर्च लेख्नु पर्ने प्राबधान छ । गाँउपालीका अर्न्तगत रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य इकाई, सामुदायिक स्वास्थ्य ईकाईमा स्थायी दरबन्दीमा रहेका कर्मचारीको तलब खर्च रु.९५४७४७८।८० भुक्तानी गर्दा तलबी प्रतिवेदन पारित गरेको पाइएन । अत ऐनमा व्यवस्था भए अनुरुप तलबी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीले भुक्तानी लिएको ग्रेड रकम यकिन गर्न सकिएन । | |
| १५.३ | **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्नसक्ने ब्यवस्था छ । गाउँपालिकाले यस वर्ष विभिन्न फर्मबाट निम्नानुसारका औषधी तथा उपकरण सिधै खरिद गरेको छ । नियमावलीको व्यवस्थाको प्रतिकूल हुने गरी सिलबन्दी दरभाउपत्रको माध्यम नअपनाई प्रतिस्पर्धा सिमित हुने गरी एउटै फर्म तथा विभिन्न फर्मबाट सिधै खरिद गरी भुक्तानी भएको रकम नियम सम्मत नभएको रु......... | १८०१९८७ |

| भौ.नं./ मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १३/२०७५/०९/२४ | सोहन मेडिहेल्थ च्यामसिङ्ग भक्तपुर | २३ आइटम औषधि | २३३८१७ |
| १९/२०७५/११/२३ | सेविका सर्जिकल एण्ड इक्युपमेन्ट हाउस, च्यामासिङ्ग | सेनेटरी प्याड | २४९५० |
| १९/२०७५/११/२३ | देवकोटा मेडिकल हल, चयामासिङ्ग | १३ आइटम औषधि | ३५६४७५ |
| ३५/२०७५/०३/३१ | सेविका सार्जिकल एण्ड इक्युपमेन्ट हाउस, च्यामासिङ्ग र देवकोटा मेडिकल हल, चयामासिङ्ग | न्यानो झोला | १२९९६२.४३ |
| ३६/२०७६/०३/३१ | सेविका सार्जिकल एण्ड इक्युपमेन्ट हाउस, च्यामासिङ्ग | उपकरण औषधि | १०००००० |
| ४१/२०७६/०३/३१ | ओम सर्जिकल कन्सर्न, त्रिपुरेश्वर | उपकरण | ५६७८२.५० |
| | | जम्मा रु. | १८०१९८६.९३ |

| | | |
|---|---|---|
| | कार्यालयको भनाई : पटक पटक बजेट थप भई आएकोले सो बमोजिम हुन गएको जवाफ रहेको छ । | |
| १६. | ससर्त शिक्षा तर्फ | |
| १६.१ | बिद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्वन्धी जानकारीमा आधारभुत तथा माध्यमिक शिक्षकका लागि तलब भुक्तानी व्यवस्था सम्वन्धमा उल्लेख छ । स्रोत व्यक्तिको सिफारीस अनुसार स्थानीय तहले सम्वन्धीत | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता रकम निकासा दिनुपर्ने, स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्वन्धी यकिन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार विद्यालय शिक्षक किताबखानाबाट फारम रुजु गरी निकासा दिनुपर्ने, शिक्षकको तलबी प्रतिवेदन विद्यालय शिक्षक किताबखानाबाट पारित गरी तलबी प्रतिवेदनका आधारमा निकासा दिनुपर्ने उल्लेख भएकोमा ३५ वटा विद्यालयका शिक्षकको तलवी प्रतिवेदन पारीत नगरी रु.६३१८६१८८ तलब खर्च निकासा दिएको छ । जसले गर्दा शिक्षकले पाउने तलब र ग्रेड यकिन गर्न सकिएन । अतः तलवी प्रतिवेदन पारित नगराई निकासा भएको तलब खर्चलाई नियम सम्मतभन्न मिल्ने देखिएन । | |
| १६.२ | स्रोत व्यक्तिको सिफारीस अनुसार चौमासिक रुपमा माग फारम संलग्न गरी स्पस्ट रुपमा खर्च लेख्नु पर्नेमा विद्यालयहरुले विभिन्न समयको छुट भएको उल्लेख गरी समय समयमा छुट माग फाराम संलग्न गरी पटक पटक खर्च लेखेको पाइयो । यसरी पटक पटक निकासा दिदा दोहोरो निकासाको जोखिम हुने भएकोले एकैपटक निकासा दिने व्यवस्था मिलाउनुपर्दछ । विद्यालयगत विवरण, सरुवा, बढुवा, अवकाश, शिक्षकको अभिलेख विद्यार्थी संख्या लगायतको विवरण संलग्न गरी अद्यावधिक तथ्याङ्क उपलब्ध गराई खर्च लेख्नुपर्नेमा सो विवरण व्यवस्थित नराख्ने तथा निर्देशिका अनुसार कार्य नगर्ने, माग फाराम लगायतको तथ्याङ्क समेत पुर्ण रुपमा प्रमाणित गरी अद्यावधिक सहितको जिम्मेवारी नलिएको देखिएकोले विवरण अद्यावधिक गर्न लगाउनु पर्दछ । | |
| १६.३ | विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालन रहेको प्रारम्भीक बाल विकास केन्द्रका सहजकर्ताको पारीश्रमीक प्रति महिना रु.६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम अनुदान दिदा सम्वन्धीत विद्यालयले प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने सम्वन्धीत विद्यालयको शैक्षिक तथ्याङ्क (IEMS) भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्य रुपमा भर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा उल्लेख गरिएको छ । गाँउपालीकाले उक्त विवरण संलग्न नगरी पटक पटक गरी २९ बाल विकास केन्द्रको लागि रु.२८१७५१७ पारिश्रमीक खर्च लेखेको छ । आफ्नो क्षेत्र अर्न्तगतको बाल विकास केन्द्रको यकिन गरी गाँउपालीकाले अभिलेख अद्यावधिक गरी प्रगती प्रतिवेदन हाजिरी विवरण संलग्न गरेर खर्च लेख्नुपर्दछ । | |
| १६.४ | शिक्षा तथा मानव विकास केन्द्र द्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ को क्रियाकलाप न.२.१५.११.७६९ मा विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालनमा रहेको वाल विकास केन्द्र यकिन गरी केन्द्रमा कार्यरत बाल विकास सहजकर्ताको पारिश्रमीक प्रमाणित हाजिरी र सिफारीस पेश गरेपछि प्रति महिना रु.६००० का दरले १३ महिनाको निकासा दिने उल्लेख छ । आर्थिक बर्ष २०७५/७६ मा निम्न विद्यालयलाई बाल विकास तर्फ निकासा दिँदा उल्लेखित भन्दा बढी निकासा दिएको रकम सम्वन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.... | ४२०००० |

| विद्यालयको नाम | निकासा हुनुपर्ने सहज कर्ताको पारिश्रमीक | निकासा रकम | बढी निकासा |
|---|---|---|---|
| कल्लावारी मा.वि. कल्लावारी | ७८००० | २३४००० | १५६००० |
| कालिभुमे मा.वि. बोत्से | ७८००० | १३२००० | ५४००० |
| मनमोहन शिक्षा सदन प्रा.वि. | ७८००० | १५६००० | ७८००० |
| पिपलडाँडा मा.वि. मागापौवा | ७८००० | १३२००० | ५४००० |
| दुधपोखरी आ.वि. दुधपोखरी | ७८००० | १५६००० | ७८००० |
| | | जम्मा रु. | ४२०००० |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७. | महिला वालवालिका तथा समाज कल्याण खर्च तर्फ | |
| | बृद्धाश्रम भवन निर्माण कार्य फस्कु १ को लागि डिभिजन भवन कार्यालय, चरिकोटबाट रु. २५२९३५१३।८० को लागत अनुमान तयार गरी साविक महिला विकास कार्यक्रम चरिकोट को समन्वयमा चर्नावती त्रिवेणी विकास तथा प्रवर्द्धन संघ फस्कुलाई कार्यको जिम्मेवारी दिई बोलपत्र आब्हान भए अनुसार ओमबुद्ध/महागौरी जे.भि. भिमेश्वर १० को रु.२२७३५९८४।२६ को बोलपत्र स्विकृत गरी मिति २०७४ चैत्र मसान्तसम्म कार्य सम्पन्न गर्नेगरी चर्नावती त्रिवेणी विकास तथा प्रवर्द्धन संघ र निर्माण व्यवसायी बीच २०७३।०८।२१ मा रु.१२८५००० कार्य सम्पादन जमानत (नेपाल बंगलादेश बैक मुख्य कार्यालय काठमाण्डौ) लिई महिला तथा बालबालीका कार्यालय मार्फत निकासा भएको आधारमा सम्झौता भएको निर्माण कार्यको सम्झौताको एउटा पक्ष चर्नावती त्रिवेणी विकास तथा प्रवर्द्धन संघद्धारा पहिलो पटक २०७५ असोज मसान्तसम्म र २०७६ असार ३ को उक्त संघको वैठकले थप एक वर्ष अर्थात २०७६ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरेको छ । हालसम्म उक्त निर्माण कार्यको चौथो रनिङ्ग वील रु.१६९४८४१३।९१ को प्राविधिक मुल्याङ्कन पेश भई यो आर्थिक वर्षमा महिला बालबालीका तथा जेष्ठ नागरीक मन्त्रालयवाट गाँउपालीकामा निकासा भई आएको रु.४७००००० मिति १२/२०७६/०३/२९ मा उक्त संघलाई निकासा दिइएको छ । लेखापरीक्षण अवधि | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७६/०८/१९ सम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको छैन भने म्याद थपको प्रक्रिया अगाडी बढेको छैन । निर्माण कार्य सम्पन्न नहुनुमा शुरुमा साविक महिला तथा वालवालीका कार्यालय मार्फत रकम निकासा भई सोझै संम्झौता हुनु, निकासा हुनुपर्ने रकम आर्थिक बर्षको अन्त्य अर्थात असारको अन्त्यमा निकासा हुन, हाल आएर उक्त निर्माण कार्यको जिम्मा गाँउपालीकामा हस्तान्तरण गरिनु, निर्माण कार्यको अनुगमन कसले गर्ने भन्ने स्पस्ट व्यवस्था नहुँदा कार्यमा ढीलाई तथा सम्झौताको शर्तको पालना नहुनु जस्ता समस्या रहेको कार्यालयको भनाई छ । अतः स्रोतको सुनिश्चीतता गरी समयमा बजेट निकासा दिने र कार्यको प्राविधिक, आर्थिक एवं भौतिक पक्षको अनुगमन गर्ने स्पस्ट जिम्मेवारी तोकी कार्य सम्पन्न गर्ने तर्फ तत् तत् निकायले सक्रिय भूमिका निर्वाह गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने दखिन्छ । | |
| १८. | वित्तिय समानिकरण तर्फ | |
| १८.१ | **तलवी प्रतिबेदन :**निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार जिल्ला स्थित कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर तलव र ग्रेड रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । शैलुङ्ग गाउँपालिकाकाले यस आर्थिक बर्षमा कर्मचारीको तलबमा रु.२८०३६७८/५० खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको देखिएन जसले गर्दा कर्मचारीहरुको ग्रेड रकम यकिन हुन सकेन । ऐनको व्यबस्था अनुरुप आर्थिक बर्षको तलवी प्रतिबेदन पारित गरेर खर्च लेख्नु पर्ने देखिन्छ । | |
| १८.२ | **बढी भुक्तानी :** ८।२०७५।११।२६आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले सूचना प्रकाशन खर्च शीर्षकमा हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि बागबजार काठमाण्डौंलाई २०७५।१०।०६ मा नेपाल समाचारपत्र दैनिकमा सूचना प्रकाशन गरे वापत भुक्तानी दिंदा ५×२३.५ CC को प्रति CCरु.१४०० का दरले १५ प्रतिशत छुट समाबेश गरी मू.अ.कर १३ प्रतिशत थप गरी रु.१५८००२.२५ भुक्तानी दिनु पर्नेमा रु.१८१५३४ भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रु.२३५३२ असूल हुन पर्ने रु.. | २३५३२ |
| १८.३ | **पुल हेरालु खर्च** : प्रचलित नियमानुसार गत बर्ष भुक्तानी दिन बाँकीको म.ले.प. १८ जिम्मेवार व्यक्तिबाट प्रमाणित गरेर भुक्तानी दिनुपर्ने व्यबस्था छ । गाउँपालिकाले आर्थिक बर्ष २०७४।७५ को दायित्व सृजना नगरी झोलुङ्गे पुल हेरालु खर्च शीर्षकमा रु.८४००० खर्च लेखेको देखिएकोले अघिल्लो आर्थिक बर्षको खर्च अनियमित देखिएको रु.. | ८४००० |
| १८.४ | **खर्चको प्रमाण :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने प्रावधानछ ।कार्यालयले पेश गरेको श्रेस्तामा देहाय बमोजिमको खर्च भुक्तानी दिइ खर्च लेखेको छ । उक्त खर्चलाइ पुष्ट्याई गर्ने निम्नानुसारको खर्चको प्रमाण कागजात लेखापरीक्षणमा पेश हुन नआएकोले पेश हुनुपर्ने रु... | ९९४१६३ |

| ब.उ.शी.नं | गौ.भौ.नं./ मिति | खर्चको विबरण | भुक्तानी | पेश भएको बिल | पेश नभएका प्रमाण कागजात |
|---|---|---|---|---|---|
| राजस्व बाँडफाँड चालु | ६७/२०७६/०३/ २३ | शैलुङ्ग पर्यटकीय क्षेत्रमा होडिङ बोर्ड तथा सरसफाई व्यबस्थापन कार्य । | ४९७०७६ | यू.एण्ड एस कन्ट्क्सन्को कर बीजक | स्वीकृत लागत अनुमान, सम्झौता, कामकोनापजांच,ठेक्का बिल,कार्य सम्पन्न प्रतिवेदन |
| प्रदेश बित्तिय समानिकरण पूँजीगत | ५/२०७६/०३/ २२ | त्रिशुल प्रतिस्थापन कार्य गरेको | ४९७०८७ | आर.टी कन्ट् क्सन शैलुङ्गको कर बीजक | स्वीकृत लागत अनुमान, सम्झौता, कामको नापजांच,ठेक्का बिल,कार्य कार्यसम्पन्न प्रतिवेदन । |
| | | जम्मा रु. | ९९४१६३ | | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **राजस्व बाँडफाँड चालुतर्फ** | |
| १९.१ | **बढी खर्च :** २७।२०७५।११।०९ आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । नियमावलीको नियम ३६ (८) मा भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस भौचर नं बाट कार्यक्रम खर्च शीर्षकमा शिक्षक महाशंघ शैलुङ्गलाई शिक्षक तालिम कार्यकमका लागि रु.२७६४०० भुक्तानी गरेको देखिएकोमा महासंघले ३ दिने पेशागत तालिम कार्यक्रम सम्पन्न पश्चात रु.२६८४०० को बील भरपाई पेश गरेको देखिएकोले बील भरपाई भन्दा बढी खर्च रु.८००० असूल हुनु पर्ने रु.. | ८००० |
| १९.२ | **वितरणमुखी खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ । स्थानीय सरकार सञ्चालन | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं. मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुन पर्ने उल्लेख छ । कार्यालयले योवर्ष गाँउपालिकामा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.३ लाख वितरण प्रकृतिका खर्चहरु गरेको देखियो । सभाले बजेट स्वीकृत गर्दा वितरण प्रकृतिका खर्चहरु समेतसमावेश गरी बजेट स्वीकृत गरेको कार्य खर्च रकमको बर्गिकरण र व्याख्या विपरित हुन गएको देखियो । कतिपय खर्चहरु स्वीकृत कार्यक्रम भन्दा बाहिर उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य प्रकृतिका कार्यमा खर्च गरेको देखियो । यसबाट सभाले पारित गरेको बजेट तथा स्वीकृत कार्यक्रमको पालना हुन सकेको देखिएन ।संचालन, उपभोग र बितरण खर्चमा तोकिए भन्दा खर्च बढ्न जाने देखियो । वितरण प्रकृतिका खर्च बजेट शिर्षकमा समावेश गरी खर्च लेख्ने कार्यबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु....</td><td>३०००००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>कार्य विवरण</th><th>रकम</th></tr>
<tr><td>नेपाल पत्रकार महाशंघ दोलखालाई सहयोग भुक्तानी</td><td>२०००००</td></tr>
<tr><td>महेन्द युवा समाजलाई फुटवल प्रतियोगिता संचालन खर्च</td><td>१०००००</td></tr>
<tr><td>जम्मा रु.</td><td>३०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.३</td><td>बिद्यार्थी अनुदान : गाउँपालिकाको तेस्रो गाउं सभाले प्रति बिद्यार्थी अनुदानका लागि बजेट बिनियोजन गरी अनुदान प्राप्त गर्ने बिद्यालयले खर्च गर्नुपर्ने बिभिन्न ७ वटा शीर्षक तोकी खर्च शीर्षक मध्ये कुनै तीन शीर्षकमा खर्च गर्नु पर्ने र खर्च गर्ने प्रक्रिया उल्लेख गरी दुइ किस्ता गरी रु.४०७०००० दिएको देखियो । उक्त रकम मध्ये पहिलो किस्तामा ३५ बिद्यालयका ४०५८ बिद्यार्थीका लागि प्रति बिद्यार्थी रु.५०० का दरले रु.२०२९००० खर्च लेखेकोमा दोश्रो किस्तामा सोही बमोजिम रकम भुक्तानी हुनु पर्नेमा ४०८२ बिद्यार्थीका लागि प्रति बिद्यार्थी रु.५०० का दरले रु.२०४१००० खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रु.१२००० असूल हुनु पर्ने रु..</td><td>१२०००</td></tr>
<tr><td>१९.४</td><td>लागत अनुमान संसोधन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ क को उपदफा २ बमोजिम दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी हुन नहुने भनि उल्लेख छ । गाउँपालिकाले बिरेन्द्र मा.बी. गाईघाट सडक उपभोक्ता समिति शैलुङ्ग ५ लाई किराँत छाप काकुटी सडक उन्नती कार्य गरे वापत रु.२८२६८९० भुक्तानी गर्दा सुक्खा ढुङ्गा सोलिङ्ग गर्ने कार्य सम्झौतामा १९२ घ.मी गर्ने गरी सम्झौता भएकोमा कार्यसम्पन्न तथा उपभोक्तालाई भुक्तानी हुने बिलमा उक्त कार्य ३४५.३३ घ.मी गरेको देखिएकोमा लागत अनुमान संसोधन गरेको देखिएन । अतः लागत अनुमान संसोधन बेगरको १५३.३३ घ.मी को प्रति घ.मी रु.३११५.७ का दरले भुक्तानी भएको रु.४७७७३० अनियमित भएको रु.</td><td>४७७७३०</td></tr>
<tr><td>२०.</td><td>बेरुजू फछ्र्यौट तथा सम्परीक्षण स्थिती : आर्थिक कायांविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरि दफा १९ वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा रु.१८९४९७६/४९ बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार रु.१५५२३४६/४९ सम्परीक्षण गरिएको छ । कार्यालयले गत विगत वर्षको बाँकी बेरुजु फछ्र्यौट गरी समयमै सम्परीक्षण गराउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>आर्थिक बर्ष</th><th>ब.उ.शी. नं</th><th>बेरुजू दफा नं</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७४/७५</td><td>बिभिन्न</td><td>१८</td><td>तलेजु भवानी ट्रेड सेन्टरले मिति २०७५।०६।२३ को आन्तरिक राजस्व कार्यालय महाराजगञ्जको पत्र मार्फत आर्थिक बर्ष २०७४।७५ को कर चुक्ता प्रमाण पत्र पेश गरेको आधारमा बेरुजू फछ्र्यौट गरेको रु.</td><td>१०८३८३.४९</td></tr>
<tr><td></td><td>"</td><td>१९(२)</td><td>Universal IT solutionबाट E-Attendanceहाजिरीमेशिन रु.२०७९००। मा खरिद गरेकोमा सोको सक्कल बील पेश हुन आएको रु.</td><td>२०७९००</td></tr>
<tr><td></td><td>"</td><td>२२</td><td>भरपाई पेश नभएको रकम रु.३०७७० नेपाल बैंक लिमिटेड चरिकोट शाखामा २०७५।१२।१ मा नगद दाखिला गरेको बैंक भौचर पेश हुन आएको रु.</td><td>३०७७०</td></tr>
<tr><td></td><td>"</td><td>२६</td><td>गाउँपालिकाले भौ नं ४४ मिति २०७५।३।३२</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | | | मा रु.२३९१९३ भौचर तयार गरेकोमा अ.हे.ब प्रविण कुमार चौधरीको २०७४ साउन तथा भाद्र महिनाको तलब क सं कोष, ना.ल. कोष तथा बीमा रकम सहितको रु.१३६९६।८ रकम दाखिला नगरेकोमा उक्त रकम आ.ब २०७५।७६ को सशर्त अनुदान स्वास्थ्य को भौ.नं २० मिति २०७५।१२।१३ मा छुट भएको क.सं कोष,ना.ल. कोष तथा बीमा रकम दाखिला गरेको प्रमाण पेश हुन आएको रु. | २३९१९३ | |
| | | ” | २८ | महालेखा परीक्षकको ५५ औं बार्षिक प्रतिबेदनमा समाबेश भइसकेको दफा नं २०,२६,३०,४१ को आ.ब २०७३।७४ को पेश्की रकम रु.९१५१००। रकम पुनः आ.ब.२०७४।७५ मा पेश्की बेरुजू कायम हुन गएकोले दोहोरो परेको पेश्की रकम रु. | ९१५१०० | |
| | २०७३।७४ | | २०.६ | कल्लावारी मा.बि को नाममा बाँकी रहेको पेश्की रकम रु.१६०००नेपाल बैंक लिमिटेड चरिकोट शाखामा मिति २०७६।३।२ मा दाखिला भएको सक्कल भौचर पेश हुन आएको रु. | १६००० | |
| | २०७३।७४ | | ३५.५ | डेभलपमेन्ट रिसर्च एण्ड प्लानिङ कन्सल्टेन्सीको नाममा बाँकी रहेको पेश्की रकमरु.३५०००नेपाल बैंक लिमिटेड चरिकोट शाखामा मिति २०७६।३।२ मा दाखिला भएको सक्कल भौचर पेश हुन आएको रु. | ३५००० | |
| | | | | **जम्मा रु.** | **१५५२३४६.४९** | |

अनुसूची- १

# शैलुङ्गगाउँपालिकाकोसञ्चित कोष विवरण

**२०७५।७६**

**प्रदेश : बागमती** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७1 | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | शैलुङ्ग गाउँपालिका | दोलखा | ३०९४४ | १२०८६० | २७३१७२ | १३३०२ | ४०७३३४ | २२७१४६ | १५०३२७ | १५१४० | ३९२६१३ | ४५६६५ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**(रु.हजारमा)

**अनुसूचि ३**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | शैलुङ्ग गाउँपालिका | दोलखा | ४४ | २५ | १६४८१ | ० | ११ | ४५७६ | ४४ | १४ | ११९०५ | ५८३ | २८१४ | ५६१४ | ०० | ०० | ८४२८ | ० | २८९४ | २८९४ |

# अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १. | शैलुङ्ग गाउँपालिका | दोलखा | ४९८८ | १५५२ | ३४३६ | ०० | ११९०५ | १५३४१ |